# TPS (टि.पि.एस.) र PBS (पि.बी.एस.) बाट आलु खेती प्रविधी



२०७८

प्रकाशकः

प्रदेश सरकार,
लुम्बिनी प्रदेश,
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, पाल्पा**

# TPS (टि.पि.एस.) बलम PBS (पि.बी.एस.) बाट आलु खेती प्रविधी

## के हो आलुको बीयाँ ( TPS= True Potato Seed ) ?

आलुको बाटको सबै भन्दा माथिल्लो भागमा फुल लागि गोलभेंडा जस्तो फल लाग्दछ र यसै फल भित्र भएका बीयांहरु नै आलुका खास बीयां (वीउ) हुन्। यिनै बीयां प्रयोग गरी हाल आलु खेती व्यावसायिक स्तरमा गर्न सम्भव भएको छ।

- वियाँ बाट आलु खेती गर्दा हुने फाइदाहरु
- बीउमा हुने खर्च अत्यन्तै कम हुने
- रोग कीरा कम लाग्ने
- भण्डारण तथा बीउ ओसार पसारमा सरलता तथा कम खर्चिलो हुने।
- प्रति इकाई जग्गामा उत्पादन बढी हुने।
- खाना मिठो र स्वादिलो हुने।

आलु बीयांबाट दुई तरिकाले खेती गर्न सकिन्छ।

- नर्सरीमा स-साना आलु गेडा तयार गरी अर्को वर्ष मुख्य वारीमा रोप्ने।
- नर्सरीमा वेर्ना तयार गरी मुख्य वारीमा रोप्ने

## नर्सरीमा स-साना आलु गेडा तयार गरी अर्को वर्ष मुख्य वारीमा रोप्ने तरिका

**नर्सरी व्याड तयारी :**

नर्सरी व्याडको चौडाई एक मीटर चौडा तथा आवश्यकता अनुसारको लम्बाई हुनु पर्दछ। साधारण तया सतहको माटोमा विभिन्न रोगका जिवाणुहरु, किराहरु तथा घांसका विउ तथा जरा हुने भएको ले १० से.मी. सतहको माटो हटाउनु पर्दछ।

नजिकैको मलिलो ठाउँबाट दुई फिट भन्दा तलको माटो झिकि राम्रो संग कुहिएको गोवर मल वा कम्पोष्ट मल बरावर भागमा मिलाई मिश्रण तयार गर्नु पर्दछ। प्रति वर्ग मीटरका लागी उक्त मिश्रणसंग डि.ए.पी. १७ ग्राम, युरिया १२ ग्राम म्युरेट अफ पोटास १७ ग्राम हाली राम्ररी मिलाउनु पर्दछ। उक्त मिश्रणलाई सतहको राम्रो माटोसंग हटाईएको नर्सरी व्याडमा जमीनको सतह भन्दा १० से.मी. जति अग्लो हुने गरी भर्नु पर्दछ।

**विउ दर :**

एक रोपनी जग्गामा आवश्यक पर्ने स-साना आलुको दाना उत्पादन गर्नको लागि १२ वर्गमीटर

ब्याड र २/३ ग्राम आलुको वियां आवश्यक पर्दछ। यस प्रकार १२ वर्ग मीटर क्षेत्रफलबाट ४८ के.जी. स-साना आलुका दाना उत्पादन हुन्छ र अर्को वर्ष एक रोपनी जग्गामा आलु खेती गर्न पुग्छ। यसै गरी एक कठ्ठा जग्गामा आलु खेति गर्नका लागि ८ वर्ग मीटर ब्याडको आवश्यकता पर्दछ। यसलाई १/२ ग्राम आलुका वियां चाहिन्छ। यस प्रकारको ब्याडबाट करीव ३० के.जी. स-साना आलुको विउ दाना उत्पादन हुन्छ र अर्को वर्ष एक कठ्ठा जग्गामा आलु खेतीगर्न पुग्छ।

**बीयां रोप्ने :**

बीयां रोप्नु भन्दा एक दिन अघि माटोको अवस्था हेरि आवश्यक भएमा हल्का सिचाई गर्नु पर्दछ। बीयां रोप्दा लाईन देखि लाईन सम्मको दुरी १० से.मी. र बीया. देखि बीया सम्मको दुरी ४ से.मी. हुनु पर्दछ। बीयां रोप्दा सानो काठको किलाले प्वांल बनाउने अथवा मसिनो डोरीको सहायताले धर्का कोरि आधा से.मी. गहिरो लाईन बनाउनु पर्दछ। प्रत्यक ठाउमा २/३ बीयां खसाल्ने र धुलो वा पहिले बनाएको मलको मिश्रण अथवा खरानीले लाइनहरु हल्कासंग पुर्नु पर्दछ। बीयां ब्याडमा लगातार रुपमा पनि खसाउनु सकिन्छ। पछि बेर्ना ठम्याउन सकिने भए पछि निश्चित दुरीमा वेर्ना रहने गरी अन्य कमजोर खालका बेर्नाहरुलाई निकाली दिनु पर्छ।

**छापो दिने (मल्चिङ) :**

बीयां राम्रो संग उम्रिनको लागि पराल वा खरले वीयां नउम्रे सम्म ब्याडलाई छोप्नु पर्दछ। छोपेको छापो माथिबाट ब्याड राम्रोसंग भिज्ने तर माटो पानीले नबगाउने गरी लगातार चिस्यान कायम हुने गरी हजारीले पानी दिनु पर्छ। राम्रोसंग चिस्यान पाएमा आलुको बीयां ३/४ दिन पछि उम्रन सुरु गर्दछ, बीयां उम्रे पछि छापो हटाई दिने र दिउसको कडा घामले कलिलो विरुवा सुकेर जाने सम्भावना रहने हुदा घामबाट बचाउन विरुवा नहुर्कुञ्जेल सम्म छहारीको व्यवस्था आबश्यकता अनुसार गर्नु पर्दछ।

**वेर्ना बेड्याउने तथा झारपात उखेल्ने :**

एक ठाउबाट दुई वटा वोट उम्रिएमा एक वोट मात्र राखि अर्को बोट उखेलि दिनु पर्दछ। आलुको वेर्ना सानो हुने हुदा झारपातहरुले दुःख दिने हुनाले समय समयमा गोडमेल गरी झारपातहरु के लाउनु पर्दछ।

**युरिया मलको घोल छर्कने :**

विरुवाको राम्रो वृद्धिको लागि एक ग्राम युरिया एक लिटर पानीमा मिसाई (०.१५ युरिया) ४-५ दिनको फरकमा ४-५ पटक छर्कनु पर्दछ।

आलुको तान्द्राबाट निस्कने टुप्पामा आलु फल्दछ। समयमा उकेरा दिएर आलुको तान्द्राहरुलाई

माटोबाट निस्कनु अगाडि नै बाहिर ननिस्किने गरी छोपि दिनु पर्दछ अन्यथा आलु फल्ने तान्द्रा माटो बाहिर निस्केमा आलुको बोट बन्दछ र गेडा लाग्दैन। आलुको वेनाृ उम्रेको २०-२५ दिन (आलुको बोट ४-५ पात भए पछि) पछि पहिलो उकेरा दिनु पर्छ, त्यस पछि बोटको वृध्दि अनुसार १५-२० दिन को अन्तरमा माथिको ४ पात सम्म डांठ माटोले पुरि उकेरा दिनु पर्दछ। उकेरा दिदा बीउ आलु उत्पादन गर्ने ब्याडको माटो नचलाई पहिले नर्सरीमा राख्न बनाईए जस्तै गरी वाहिबाट माटो ल्याई प्रांगारिक मल मिसाई मिश्रण तयार गरेर उकेरा दिनु पर्छ।

सिचाई :

आलुको गेडाको राम्रो वृद्धि विकासको लागि आलु खेत सुख्खा रहन दिनु हुदैन। समय समयमा विरुवालाई पानीको आवश्यकता पुरा गर्न हल्का सिचाई दिई (आलु खन्नु १५-२० दिन पूर्व सम्म) रहनु पर्दछ।

**बोट उखेल्ने** (हाल्म पुलिङ):

वेर्ना सारेको ९० दिन पछि बोटहरु उखेलि दिनाले आलुको दाना छिप्पिन पाउछ र खन्दा चोट पटक लाग्ने कम सम्भावना हुन्छ। आलु वियाबाट लगाएको वाली दाना विउ लगाएको वालीको तुलनामा बोटहरु स्वस्थ र बढि हरियो रंग भेको कारणले बोट धेरै दिन सम्म बांच्न सक्दछ, तर आलु फल्ने, दाना बढ्ने कार्य भने ८०-१०० दिन भित्र पुरा भई सक्दछ। यस्तो अवस्थामा लाही किराको प्रकोप भई भाईरस रोग सर्न सक्ने अवस्था सृजना हुने र आलुको दाना ठूलो हुने हुंदा बोट उखेल्न जरुरी छ।

**आलु खन्ने, ग्रेडिङ तथा भण्डारण :**

हाल्मपुलिङ गरेको ७-१० दिन पछि मात्र आलु खन्ने कार्य गर्नु पर्दछ। आलु खन्दा होसियारी पूर्वक चोटपटक नलाग्ने गरी खन्नु पर्दछ। आलु खनि सके पछि यसलाई २-३ दिन हावा खेल्ने तर घाम नपर्ने ठाउमा फिंजाएर राखि दिनाले आलुमा टांसिएको माटो तथा झारपातहरु खसेर सफा देखिन्छ। यस पछि आलुको आकार अनुसार ५ ग्राम भन्दा सानो, ५-१० ग्राम सम्मको, १० देखि २० ग्राम सम्मको २० ग्राम भन्दा ठूलो छुट्याई सो आलुलाई सुरक्षित साथ कोल्ड स्टोर वा रस्टिक स्टोरमा भण्डारण गर्नु पर्दछ।

## नर्सरीमा वेर्ना तयार गरी मुख्य वारीमा रोप्ने

यस तरिकामा नर्सरी व्याडमा आलुका वियां रोपि वर्ना तयार गरिन्छ। वेर्ना तयार भए पछि आलु रोप्ने जग्गामा वर्ना सार्ने काम हुन्छ र उत्पादन भएका आलु मध्य वीउ साई ज तथा सो भन्दा साना अर्को वर्षको लागि विउमा प्रयोग गर्न सकिन्छ र ठूलो आकारको दाना सोही वर्ष खानको लागि प्रयोग हुन्छ।

**बीउ दर :**
एक रोपनी जग्गामा वेर्ना सार्न ४/५ ग्राम विउ आवश्यक पर्दछ, यसको लागी ४/५ वर्ग मीटर को व्याड आवश्यक पर्दछ। यसबाट सरदर ४५०० वेर्ना उत्पादन भई एक रोपनी जग्गामा विरुवा सार्न पुग्दछ। यसै गरी एक कठ्ठाको लागि वेर्ना तयार गर्न ३/४ ग्राम वियां आवश्यक पर्दछ। यसको लागि ३/४ बर्ग मीटर नर्सरी व्याड बनाउनु पर्दछ। यसबाट करीव ३००० वेर्ना तयार भई एक कठ्ठा जग्गामा सार्न पुग्दछ।

**नर्सरी व्याड तयारी :**
नर्सरी व्याडको तयारी माथि स-साना विउ दाना तयार गर्ने जस्तै गरी तयार गर्ने र बीयों रोप्दा १० से.मी.को लाईन बनाई लगातार रुपमा पातलो संग बीयां खसाउनु पर्दछ। अन्य तरिका माथि भनिए जस्तै गरी गर्न सकिन्छ।

**मुख्य जग्गाको तयारी :**
वेर्ना सार्नु अघि साधारण आलु खेतीमा जस्तै मलखादहरु प्रयोग गरी पूर्व पश्चिम फर्किएको ड्याङ बनाउनु पर्दछ। दुई ड्याङ्को बीचको दुरी ६० से.मी. र ड्याङ्को उचाई २० से.मी. राख्नु पर्दछ।

**बेर्ना सार्ने :**
वेर्ना सार्नु एक दिन अघि यसरी तयार गरेको ड्याङहरुमा आधा भाग मात्र भिज्ने गरी सिचाई गर्ने, सिचाई गरेर पानी ड्याङ्ले सोसि सके पछि माथिल्लो चिस्यान भएको भागमा २० से.मी. को फरकमा बर्ना सांझ पख सार्नु पर्दछ। दुवै पाटामा सार्नु हुदैन। यिबां नर्सरीमा खसालेको २०-२५ दिन भित्र विरुवा मुख्य जग्गामा सारि सक्नु पर्दछ नत्र ढिला भएमा आलुका वेर्नामा नै आलुका दाना लाग्न शुरु गर्छ।

बेर्ना सारि सके पछि वेर्ना राम्ररी नसरुन्जेल सम्म विहान बेलुका हजारीले राम्ररी हल्कासंग सिचाई गर्नु पर्दछ र पानीसंगै ०.१५ युरिया (१ ग्राम युरिया एक लिटर पानीमा मिसाई) ४-५ दिनको फरकमा ४-५ पटक सम्म  छर्कि दिएमा विरुवाको वृध्दि राम्रोसंग हुन्छ।

**उकेरा दिने :**
विरुवा सारेको २०-२५ दिन पछि पहिलो उकेरा दिनु पर्दछ। विरुवा हामीले ड्याङ्को एक तर्फको पाटामा मात्र रोपेको  हुनाले पहिलो उकेरामा सोहि डयाङ्को माथिको माटोले उकेरा दिने र दाश्रो उकेरा पहिलो उकेरा दिएको पुनः २०-२५ दिन पछि दिनु पर्दछ। यस पटक अर्को ड्याङ्को एक

चौथाई माटो ल्याई उकेरा दिने र पुन तेश्रो पटक २०-२५ दिन पछि उकेरा दिदा अर्को ड्या-को आधा भाग पुरै माटो ल्याई उकेरा दिनु पर्दछ। यसरी अन्तमा विरुवा रोपेको भाग ड्याङ्को मध्य भाग हुन आउछ। तथा जग्गाको तयारीमा बनाएको ड्याङ्को मध्य भाग ड्याङ्को खोल्सा बन्न जान्छ।

**सिचाई :**

आलुको गेडाको राम्रो वृध्दि विकासको लागि आलु खेत सुख्खा रहन दिनु हुदैन। समय समयमा विरुवालाई पानीको आवश्यकता पुरा गर्न हल्का सिचाई दिई (आलु खन्नु १५-२० दिन पूर्व सम्म) रहनु पर्दछ।

**बोट उखेल्ने (हाल्म पुलिङ):**

वेर्ना सारेको ९० दिन पछि बोटहरु उखेलि दिनाले आलुको दाना छिप्पिन पाउछ र खन्दा चोट पटक लाग्ने कम सम्भावना हुन्छ। आलु वियाबाट लगाएको वाली दाना विउ लगाएको वालीको तुलनामा बोटहरु स्वस्थ र बढि हरियो रंग र्भको कारणले बोट धेरै दिन सम्म बांच्न सक्दछ, तर आलु फल्ने, दाना बढ्ने कार्य भने ८०-१०० दिन भित्र पुरा भई सक्दछ। यस्तो अवस्थामा लाही किराको प्रकोप भई भाईरस रोग सर्न सक्ने अवस्था सृजना हुने र आलुको दाना ठूलो हुने हुंदा बोट उखेल्न जरुरी छ।

**आलु खन्ने, ग्रेडिङ तथा भण्डारण :**

हाल्मपुलिङ गरेको ७-१० दिन पछि मात्र आलु खन्ने कार्य गर्नु पर्दछ। आलु खन्दा होसियारी पूर्वक चोटपटक नलाग्ने गरी खन्नु पर्दछ। आलु खनि सके पछि यसलाई २-३ दिन हावा खेल्ने तर घाम नपर्ने ठाउमा फिंजाएर राखि दिनाले आलुमा टांसिएको माटो तथा झारपातहरु खसेर सफा देखिन्छ। यस पछि आलुको आकार अनुसार ५ ग्राम भन्दा सानो, ५-१० ग्राम सम्मको, १० देखि २० ग्राम सम्मको २० ग्राम भन्दा ठूलो छुट्याई सो आलुलाई सुरक्षित साथ कोल्ड स्टोर वा रस्टिक स्टोरमा भण्डारण गर्नु पर्दछ।

## आलु बियांबाट आलु खेती गर्दा अपनाउनु पर्ने सावधानीहरु:

- दिनको तापक्रम ३० डिग्री सेल्सियस भन्दा बढी भएमा नर्सरी ब्याडमा छाप्रो बनाई घामबाट जोगाउनु पर्दछ।
- चिसो ठाउँमा तापक्रम बढाउन नर्सरी ब्याडमा प्लास्टिकको सुरुङबनाउनु पर्दछ।
- रोग तथा किराको प्रकोप भएमा शिफारिस अनुसार विषादि छर्कनु पर्दछ।
- पानी नजमोस भनेर नर्सरी ब्याड केहि अग्लो ठाउँमा बनाउनु पर्दछ।

- ०.१ ५ युरिया छर्किदा निश्चित मात्रा भन्दा बढी भएमा कलिला विरुवाहरु डढ्न सक्तछन।
- आलुको बियांहरु मसिनो हुने हुनाले बियां रोप्दा एक ठाउमा धेरै खस्न गएमा वीउ दर बढी लाग्न सक्दछ।

## PBS (पि.बी.एस.) बाट आलु खेती

PBS (पि.बी.एस.) Pre Basic Seed (पूर्व मुल बीउ) भनेको भाइरस र अन्य रोग बाट मुक्त पारिएको आलुको बोटबाट लिइएको टिस्युलाई कल्चर गरी द्रुत दरले प्रजनन गरी लाही किरा छिर्न नसक्ने सिसा घरमा वा जाली घरभित्र किटाणु रहित माटो र बालुवाको मिश्रणमा उब्जाइएका आलुका दाना हो।

यस्तै प्रि बेसिक बीउ राष्ट्रिय आलु बाली विकास कार्यक्रमले विभिन्न सरकारी फार्म केन्द्र, अर्ध सरकारी फार्म केन्द्र, अर्ध सरकारी संघ संस्था, कृषक एवं कृषक समूहको माग अनुसार प्रि बेसिक वीउ आलु उत्पादक राष्ट्रिय आलुबाली विकास कार्यक्रम लाई बिक्री वितरणका लागि समन्वय र सहयोग गर्दछ। यस्तो बीउ आलु उत्पादक समूह एवं संघ संस्था हरुले ३ देखि ४ पुस्ता सम्म बृद्धि गरी उक्त विउ खायन आलु खेती उत्पादक कृषक समूहलाई वितरण वा बिक्री गरीन्छ।

बीउ आलु उत्पादक सरकारी फार्म केन्द्र, अर्ध सरकारी संघ संस्था, कृषक एवं कृषक समूहले आफुलाई आवश्यक पर्ने मुल बीउ आलु हरेक बर्ष आर्थिक वषृको शुरुमा (श्रावण महिना भित्रै) सम्बन्धित जिल्ला कृषि विकास कार्यालय मार्फत माग गरी बीउ राष्ट्रिय आलु बाली विकास कार्यक्रम खुमलटारमा पठाउनु पर्दछ। माग अनुसार प्राप्त हुने बीउ राप्नु भन्दा २० -२५ दिन अगावै पहिले संकलन गरी रोप्नका लागि तयारी (टुसाउने कार्य गर्नुपर्दछ।

लाही कीरालाई पहेंलो रंगले आकर्षण गर्ने हुँदा पहेंला फूल फुल्ने खालका झारपात भएमा फूल फुल्नु अगावै उखेली फाली दिनुपर्छ। बीउ आलुको प्लट तोरी बालीबाट टाढै रहनु पर्दछ। लाही किराको प्रकोप बढि हुने क्षेत्रमा लाही कीराको नियन्त्रण गर्न आवश्यक भएमा आलु रोप्नु भन्दा पहिले विषादि सिफारिस गरीए अनुसार माटोमा हाल्नु पर्छ। आवश्यकता परेमा पछि दोहोऱ्याउनु पर्दछ।

## रोग कीरा नियन्त्रण

बीउ आलुको व्यवस्थापन सुरु गरे देखिनै रोग व्याधिको नियन्त्रण शुरु गर्नुपर्दछ। क्षेत्र र मौसम हेरी शित भण्डार वा रष्टिक बाट ल्याइएको बीउ आलु टुसाउन राखिउको अवस्थामानै विभिन्न रोग किराको आक्रमण हुन सक्छ। विषेश गरी आलुको गेडामा आलुको पुतली र आलुको टुसामा

लाहीको सम्भावना हुन सक्छ र यस्तो स्थितीमा बीउ आलु स्वस्थ राख्ने किसीमका सवै उपायहरु अपनाउनु पर्छ। आवश्यक भएमा किटनाशक विषादी समेत प्रयोग गर्नुपर्छ। झारपात उखेल्ने र उकेरा दिने कार्य पनि बीउ आलु उत्पादनमा महत्वपूर्ण कार्य मानिन्छ। प्रर्याप्त मात्रामा उपलब्ध हुने खाद्य तत्वहरु र चिस्यानले गर्दा सुरुको अवस्थामा धेरै झारपातहरु सजिलै सँग उम्रन्छन्। बीउ आलु उत्पादन प्लटमा उम्रेका झारपात ले आलुको विरुवासँग प्रतिस्प्रधा मात्र गर्दैनन् की यिनिहरु रोग किराका मुख्य श्रोत पनि बन्दछन्। त्यस कारण झारपातहरु समयमानै र पूर्णरुपमा नियन्त्रण गर्नु जरुरी हुन्छ।

आलु बाली लगाइ सके पछि माटोमुनी बसि फेद काट्ने कीरा, खुम्रे, रातो कमिला आदिको प्रकोप हुने भएमा जग्गा तयार गर्ने बेला अर्थात आलु रोप्नु भन्दा पहिले नै माटोमा प्रयोग गर्न सकिने विषादि सिफारिस गरीए अनुसार मिलाउनु पर्दछ। माटोमा प्रयोग गरीने विषादि प्रयोग गरिएको आलु बालीबाट उत्पादित बीउ आलुलाई मात्र सिमित राख्नु पर्दछ र कुनै हालतमा पनि खायनको लागी प्रयोग गर्न हुँदैन।

बाली अवधीमा अगौटे डढुवा, पछौटे डढुवा लगायत अन्य रोगहरु तथा खपटे, फडके आदि कीराहरु को आक्रमण भएमा वा हुने अवस्था रहेमा आवश्यकता हेरी सिफारिस अनुसार विषादी प्रयोग गर्नु पर्दछ।

### रोगिङ

बीउ आलु खेतीमा स्वास्थ्य र शुद्धता कायम राख्न अमिल्दा, रोग ग्रस्त र बेजातका बोटहरुलाई गेडा सहित उखेलेर निर्मुल पार्ने कार्यलाई रोगिङ भनिन्छ। रोगिङ बाली अवधिभर कम्तिमा ३ पटक (पहिलो विरुवाको उचाइ १० देखि १५ से.मी. भएपछि दोस्रो फूल फुल्ने वेला वा अवस्थामा र तेस्रो बाली भित्रयाउनु अघि वा खन्ने समयमा) गरीनु पर्दछ। संभव भएमा आलुको बोट उम्रिसकेपछि सकभर चाँडै रोगिङ शुरु गर्नुपर्दछ। जसले गर्दा रोगी बोट बाट स्वस्थ बोटमा रोग सर्न पाउदैन। पहाडमा नाभो आलु जातिय मिश्रणको मुख्य समस्याको रुपमा रहेको छ। त्यस कारण रोगिङ आवश्यकता अनुसार जति पटक पनि गर्न सकिन्छ। र संभव भएसम्म छिट्टै शुरु गर्नुपर्दछ।

रोगिङ कार्य गर्ने मानिसलाई रोगी तथा वेजातका बोटहरुको पहिचान गर्ने राम्रो ज्ञान हुनु जरुरी पर्दछ। उखेलेको बोटलाई अरु वेट सँग लसपस हुन दिनु हुँदैन। रोगिङ गर्न पुर्व लाही किरालाई नियन्त्रण गर्न विषादिको प्रयोग गर्न उपुक्त हुन्छ किनकी रोगिङ गर्दा लाही किराको चलखेल पुगी रोग सार्ने कार्य तिव्र हुन्छ। साथै सिंचाई गरेपछि विहानको समय पारेर रोगिङ कार्य गर्नु पर्दछ।

जसले गर्दा रोगी तथा विजातीय बोटहरुलाई राम्रो सँग छुट्याउन सकिन्छ।

### हाल्म पुलिङ

माटोमुनी फलेका दाना निरीषण गर्दा ८० प्रतिशत आलु गेडाना बीउ साइजमा पुगेको भएमा सिंचाई बन्द गर्नु पर्छ र वन्द गरेको ७ देखि १० दिन पछि। बोट उखेल्नु पर्छ। बोट उखेल्दा दुइवटा खुट्टा को विचमा पारी खुट्टाले च्यापी उखेल्नु पर्छ जसले गर्दा दाना माटो भित्रै रहन्छ र डाठ, त्यान्द्रा र जरा बोट सँगै बाहिर आउँछ ,,जसलाई हाल्म पुलिङ भनिन्छ। हाल्म पुलिङ नगरेमा आलु खन्दा आलुको बोक्रा छिप्पिएको हुँदैन र खुइलिन सक्छ, जसले गर्दा आलूको दानामा सजिलै रोग किराको प्रवेश हुन सक्छ। डढुवाको प्रकोप ज्यादा भएमा र लाही किराको संख्या बढेमा हाल्म पुलिङ केही समय अगाडि पनि गर्न सकिन्छ।

### आलु खन्ने, सुकाउने, ग्रेडिङ गर्ने तथा भन्डारण

हाल्म पुलिङ गरेको १५ दिन पछि आलु खन्नुपर्छ र आलु खनेपछि बीउ साइजका आलुलाई अन्य आलुबाट (साना, ठुला, काटिएका र रोगी ) छुट्याई १० देखी १५ दिन सम्म हावादार कोठामा पातलो गरी फिजाएर राख्नुपर्छ। त्यसपछि ठुलो, मझौला र सानो गरी ३ साइजमा ग्रेडिङ गर्नुपर्छ। ग्रेडिङ गरीएको बीउ आलु पायक एवं सुविधा हेरी भण्डारणका लागि शित भण्डार अथवा रष्टिक भण्डारमा लैजानु पर्छ। फिजाएर राख्दा आलुको माटो झर्छ र सुवेराइजेसन भई चोट लागेको छालामा खाटा बस्छ। बीउ आलुलाई भण्डारणपूर्व बीउ तथा माटो बाट सर्ने रोगहरु नियन्त्रणका लागि बोरिक एसिड (३प्रतिशत) ले उपचार गर्नुपर्छ।



प्रकाशक:

प्रदेश सरकार,
लुम्बिनी प्रदेश,
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

**कृषि ज्ञान केन्द्र, पाल्पा**

प्रिन्ट: रानीमहल प्रेस तानसेन, पाल्पा ९८५७०६०८५८